# हाम्रो गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-२











# स्थानीय विषय

## कक्षा-२



नामः ............................................................................

रोल नम्बरः .........................सेक्सनः-...................................

विद्यालयः ............................................................................

मधेश प्रदेश

स्थानीय सरकार

गौर नगरपालिका

"शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**गौर,रौतहट**

**मधेश प्रदेश,नेपाल**

## दुई शब्द

नेपाल वैविध्यपूर्ण देश हो।विविधताको सम्मान,विकास,प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो।शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन।यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो।समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस् भनेर हामीले गौर नगरपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्दै आएका छौं। शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापि हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततिहरुले यसबाट प्रतिफल लिन सक्नेछन्।गुणस्तरीय व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहन्छौं।समृद्ध र विकसित समाज निर्माण गर्न चाहन्छौं।श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहन्छौं।नागरिकलाई स्वाभिमानी आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहन्छौं।तर गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ ।स्थानीय पाठ्यपुस्तक निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने,विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउँदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने हाम्रो विश्वास छ।

स्थानीय जात,जाति धर्म, सम्प्रदाय,भाषा,संस्कार,सभ्यता,मूल्यमान्यता,परम्परा,चाँडपर्व,गीत,संगीत आदिको बारेमा आवश्यक जानकारी गराई आफनो परिवेश,सामाजिक, भौगोलिक,आर्थिक , सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य हो।समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषय वस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव,मेलमिलाप,सामुहिक कार्य,सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ।विश्वव्यापी सोच,स्थानीय अभ्यास भन्ने स्थानीय पाठ्यपुस्तकको मूलमर्मलाई आत्मसात गर्दै ज्ञान,सीप,अभ्यास र परम्पराको जगेर्ना,संरक्षण,विकास र प्रचार प्रसारका लागि पनि स्थानीय पाठयपुस्तकको निर्माण र प्रयोग आवश्यक देखिन्छ।आफनो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिँदै आफनै माटामा केही गरौं भावना विकास गर्नमा समेत यो पाठयपुस्तकले सहयोग गर्ने छ । यस पाठयपुस्तकले गौर नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ ।यसले रौतहटको विशिष्ट अवस्थालाई समेटेको छ।हाम्रो ऐतिहासिक धरोहर बानेश्वरधाम हो।हाम्रो मौलिक कला,संस्कृतिलाई बुझ्ने अवसर दिएको छ।यस अर्थमा यो पाठयपुस्तक गौर नगरपालिकाले बनाएको छ भने हाम्रो विश्वास छ।

विद्यार्थीको आवश्यकता,अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यपुस्तकले गौर नगरपालिकाको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएका छौं।स्रोत साधन र सम्भावना समेतलाई आधार बनाई ज्ञान,सीप र अभिबृत्तिको विकासमा यो पाठ्यपुस्तक एक कोशेढुङ्गा सावित हुनेछ।स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको "गौर नगरपालिकाको पहिचान" नामक यस पाठयपुस्तकले गौरका विविध पक्षहरुको यथोचित जानकारी पनि दिएको छ।यो पाठयपुस्तक स्थानीय परिवेश सापेक्ष छ।यसले स्थानीय संस्कृति,संस्कार समेटेको छ।स्थानीय आवश्यकता र चाहना अबलम्बन गरेको छ।स्थानीय भाषा,संस्कृति,मूल्यमान्यता र संस्कारलाई आफनो विषयवस्तु बनाएको छ।स्थानीय भाषाभाषी, जातजाति,कला,धर्म,प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ।स्थानीय सरोकारवालाहरुलाई महत्त्व दिएको छ।स्थानीय सम्पदाको प्रचार प्रसार,विकास र संरक्षणलाई सघाएको छ। रैथाने सीप,प्रविधि र चालचलनलाई समयसापेक्ष बनाँउदै संरक्षण र प्रवर्धन गर्ने अभिष्ट राखेको छ।राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेका तर स्थानीय आवश्यकताको रुपमा रेहका विषयवस्तुहरुलाई पास्केको छ।यस अर्थमा यो पाठ्यपुस्तक गौर नगरपालिकाको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएका छौं।

गौर नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठयक्रम निर्माण गरी शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्यूहरुलाई हार्दिक बधाई दिन चाहन्छौ।नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उक्त पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकोमा अत्यन्त हर्षित छौ।यस पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याउन गौर नगरपालिका अन्तर्गत सम्पूर्ण विद्यालयका प्रधानाध्यापक , शिक्षक ,विद्यालय व्यवस्थापन समिति,अभिभावक लगायत सरोकारवालाहरुलाई हामी हार्दिक अनुरोध गर्दछौ र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत हामी प्रतिवद्ध रहनेछौ।स्थानीय पाठयपुस्तक आफैमा एक गतिशील दस्तावेज भएकाले आवश्यकतानुसार यसको समसामायिक परिमार्जन हुँदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छौ।

**शम्भु साह**

**(नगर प्रमुख,गौर नगरपालिका)**

"शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**गौर,रौतहट**

**मधेश प्रदेश,नेपाल**

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्र भित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकीकृत पाठ्यक्रम २०७६ले हरेक स्थानीय तहलाई पाठयक्रम विकास तथा सोही अनुरुपको स्थानीय पाठयपुस्तक निर्माण गरी विद्यालयहरुमा कार्यान्वयन गर्न निर्देशित गरेको छ । यसै अनुसार गौर नगरपालिकाको आ.व. २०८१/२०८२ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यपुस्तक निर्माण गरी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ८ सम्म क्रमिक रुपमा लागु गर्ने लक्ष्य अनुसार स्थानीय पाठय-पुस्तक तयार गरिएको छ । यो स्थानीय पुस्तक नगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेको छ । यसबाट विद्यार्थीले औपचारिक रुपमा आफ्नो नगरपालिकाको भौगोलिक,धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान सहित बस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन । साथै यस पाठयपुस्तकले विद्यार्थीहरुलाई नगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिप समेत हासिल गराउने छ । रैथाने प्रविधि तथा परम्परागत सामाग्रीहरुलाई समेत यस पाठ्यपुस्तकले संरक्षण,संवर्द्धन र विकास गर्न सहयोग पुर्याउनेछ ।

यसै गरी यस स्थानीय पाठयपुस्तकले परम्परागत कला,कौशल,भाषा,भेषभूषा,संस्कृति असल आचरण समेतको विकास गरी विद्यार्थीहरुलाई असल एवं सक्षम नागरिक बन्न सघाउ पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ । यो स्थानीय पाठ्यपुस्तक २०८२ सालको शैक्षिक सत्र देखि कक्षा १-८ मा क्रमिक रुपमा लागु गरिनेछ । पाठ्यपुस्तक विकास तथा निर्माण कार्यमा संलग्न रहनु हुने विज्ञ तथा विद्धान महानुभावहरु सबैलाई धन्यवाद दिन चाहन्छु । नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत सबै विद्यालयले यो पाठ्यपुस्तकको महत्व र गरिमालाई आत्मसात गर्दै प्रभावकारी तारिकाले पठन पाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरुपले विश्वस्त छु ।

**सुभाष कुमार ठाकुर**

**(प्रमुख प्रशासकीय अधिकृत)**

# गौर नगरपालिका


स्थानीय पाठ्यपुस्तक

प्रकाशकः- स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।

सर्वाधिकारः- गौर नगरपालिका

संरक्षकः- स्थानीय सरकार,गौर नगरपालिका,रौतहट ।



सुझाव एंव सल्लाहकार

१.श्री धीरेन्द्र कुमार लाल दास(कानुन अधिकृत,गौर न.पा.)

२.श्री उत्तम कुमार उपाध्याय(शिक्षा प्रमुख,गौर न.पा.)

३.श्री रौशन कुमार श्रीवास्तव(सूचना प्रविधि अधिकृत,गौर न.पा.)

स्थानीय पाठ्यपुस्तक तयार/लेखन कार्यदल

१.श्री नागेन्द्र प्रसाल मंडल(संयोजक,स्थानीय पाठ्यपुस्तक लेखन,गौर न.पा)

२.श्री शंकर ठाकुर(भाषा सम्पादन, पूर्व.मा.शि. नेपाली शिक्षक)

३.श्री साहेब कुमार पाठक (शिक्षक,कला सम्पादन)

४.श्री अब्दुल हक अंसारी (शिक्षक,कला सम्पादन)

५.श्री पदमराज जैसी (शिक्षक,चित्र संकलनकर्ता)



प्रथम संस्करणः- २०८२



*यस स्थानीय पाठ्यपुस्तक सम्बन्धी सम्पूर्ण अधिकार गौर नगरपालिकामा निहित रहेको छ। यसको पुरै वा आंशिक भाग जस्ताको त्यस्तै प्रकाशन गर्न पाइने छैन।*

## विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | **गौरको परिचय** | १-९ |
| | क.वडाको सामान्य परिचय | १ |
| | ख.वडाको पहिचान | २ |
| | ग.प्रमुख,उपप्रमुख र वडा अध्यक्षको नाम | २ |
| | घ.आफनो वडाको सिमाना | ३ |
| | ङ. आफनो वडाको मुख्य बस्तीहरु | ४ |
| | • सिकाइ उपलब्धि | ५ |
| | • लेखन अभ्यास | ७ |
| | • विद्यार्थी अभिलेख मूल्याङ्कन फाराम | ९ |
| २. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | १०-२१ |
| | क.ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान | १० |
| | ख.मेलाको परिचय | १२ |
| | ग.पुरेनवा दरवारको अवस्थिति | १४ |
| | घ.झोलुङ्गे पुल र घंटाघर | १५ |
| | • सिकाइ उपलब्धि | १७ |
| | • लेखन अभ्यास | १९ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | २१ |
| ३. | **भाषा र संस्कृति** | २२-३० |
| | क.आफनो मातृभाषा र पहिरनको नाम | २२ |
| | ख.सानालाई माया र ठूलालाई आदर | २४ |
| | ग.आ-आफनो परिवारको कुल देवता र ग्राम देवता | २५ |
| | घ.स्थानीय बाजाको परिचय | २६ |
| | • सिकाइ उपलब्धि | २७ |
| | • लेखन अभ्यास | २८ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ३० |
| ४ | **उधमशीलता** | ३१-४० |
| | क.स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसाय | ३१ |
| | ख.समुदायमा गरिने तरकारी खेती अन्नबाली,नगदेवाली | ३२ |
| | ग.स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधि | ३३ |
| | घ.स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखाना | ३४ |

| | | |
|---|---|---|
| | • सिकाइ उपलब्धि | ३६ |
| | • लेखन अभ्यास | ३७ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ४० |
| ५. | **नैतिक शिक्षा र आचरण** | ४१-४८ |
| | क.साथी समूहसंग समान व्यवहार र सहयोग | ४१ |
| | ख.ठूलालाई सम्मान र सानालाई माया | ४२ |
| | ग.सहयोग र मेलमिलाप कार्यमा सहभागी | ४३ |
| | घ.अनुशासन र गुरुको आज्ञापालन | ४४ |
| | • सिकाइ उपलब्धि | ४५ |
| | • लेखन अभ्यास | ४६ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ४८ |
| ६. | **वातावरण र सरसफाइ** | ४९-५८ |
| | क.व्यक्तिगत सरसफाइ आफ्नो कोठा र घरको सफाइ | ४९ |
| | ख.कम्मर,टाउकाको शारीरिक कसरत | ५० |
| | ग.बगैचाको परिचय | ५१ |
| | घ.बोटविरुवाको संरक्षण | ५२ |
| | ङ.फोहोर मैलाको परिचय र प्रकार | ५३ |
| | • सिकाइ उपलब्धि | ५४ |
| | • लेखन अभ्यास | ५६ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ५८ |
| ७ | **संस्था,व्यक्ति र शहिदको परिचय** | ५९-६६ |
| | क.वडामा भएका संस्थाहरुको नाम | ५९ |
| | ख.विद्यालयको प्रधानाध्यापक र शिक्षक | ६१ |
| | ग.स्थानीय विशिष्ट व्यक्तिहरुको योगदान | ६२ |
| | • सिकाइ उपलब्धि | ६३ |
| | • लेखन अभ्यास | ६४ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ६६ |

# पाठ - १

# गौरको परिचय

सि.उ.सं.-४ पठ्यभार - २७ घंटा

## (क) वडाको सामान्य परिचय








**शिक्षक :-** रमेश, तपाई वडा नं. कति मा बस्नु हुन्छ ?

**रमेश :-**सर, म वडा नं. ७ मा बस्छु ।

**शिक्षक :-** रमेश, तपाईको टोलको नाम के हो ?

**रमेश :-** सर,मेरो टोलको नाम सिसवा विर्ता हो ।

**शिक्षक :-** गीता, तपाई आफ्नो वडा को परिचय दिनुहोस् ।

**गीता :-** सर, म वडा नं. ७ सिसवा विर्ता मा बस्छु ।

## (ख) खाली ठाँउ भरौं ।

(अ) मेरो टोलको नाम ________ हो ।

(आ) म वडा नं. ________ बस्छु ।


## (फ) खाली ठाँउ भरी पढ्नुहोस्।

(अ)मेरो नाम ______________________ हो ।

(आ)मेरो टोलको नाम ______________________ हो ।

(इ) म गौर नगरपालिकाको वडा नं. ____________ मा बस्छु ।

## (ख) आफ्नो वडाको नक्सा पहिचान गरी रंग भर्नुहोस् ।




**शिक्षक :-** मोहन, तपाई कुन वडामा वस्नु हुन्छ ?

**मोहन :-** म वडा नं. - २ मा बस्छु ।

## (ग) गौर पालिकाको प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम



**शिक्षक :-** सीता, तपाई आफ्नो नगरप्रमुखको नाम भन्नु होस् ।

**सीता :-** मेरो नगर प्रमुख को नाम श्री शम्भु साह हो ।

**शिक्षक :-** राम, तपाईको नगर उपप्रमुख को नाम के हो ?

**राम :-** मेरो नगर उपप्रमुख को नाम श्रीमती शैल देवी हो ।

**शिक्षक :-** गीता तपाईको वडाअध्यक्षको नाम के हो ?


**गीता :-** मेरो वडाअध्यक्षको नाम श्री ____________ हो ।

हाम्रो पालिका प्रमुखको नाम ____________ हो ।

हाम्रो पालिका उपप्रमुखको नाम ____________ हो ।

हाम्रो वडाअध्यक्षको नाम ____________ हो ।

## (घ) आफ्नो वडाको सिमाना र नदी, खोला



## आफ्नो वडाको सिमाना लेख्नुहोस् ।


उत्तर ____________ दक्षिण ____________

पूर्व ____________ पश्चिम ____________

## पालिकाको नक्सामा आफ्नो वडा पहिचान गरी सिमाना लेख्नुहोस् ।

उत्तर

पश्चिम





पूर्व

दक्षिण

## (ङ) आफ्नो वडाको मुख्य बस्तीहरु

| | |
|---|---|
| सिर्सिया | सपगढा |
| पुरेनवा | गौर-५ |
| कुडवा टोल | टिकुलिया |
| सिसवा | मजकुटिया |
| विधापति नगर | महादेवपट्टी |
| गौर-१ | दोस्तिया टोल |
| पोखरिया टोल | गौर-१ |



**शिक्षक :-** राम, तपाई कुन वडामा बस्नुहुन्छ ?

**राम :-** म वडा नं.- ६ मा बस्छु ।

**शिक्षक :-** राम, वडा नं.- ६ मा कुन कुन बस्ती (टोल) हरु छन् ?

**राम :-** सर, वडा नं.- ६ मा सपगढा बस्ती छ ।

**खाली ठाँउ भर्नुहोस् ।**

(अ) म वडा नं. ____________ मा बस्छु ।

(आ) वडा नं. ________ मा ____________ बस्तीहरु छन् ।

(इ) मेरो बस्तीको नाम ____________ हो ।


**सिकाइ उपलब्धि।**

**(प) आफू बस्ने वडा र वडा नं. मा रंग भर्नुहोस् ।**

| | | | | |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| ६ | ७ | ८ | ९ | १० |

| | | | | |
|---|---|---|---|---|
| गौर-१ | महादेवपट्टी | विद्यापति | टिकुलिया | गौर-५ |
| ○ | ○ | ○ | ○ | ○ |
| सपगढा | सिसवा | पुरेनवा | सिर्सिया | कुडवा |
| ○ | ○ | ○ | ○ | ○ |

**(फ) चित्र हेरी आफ्नो वडामा रंग भर्नुहोस् ।**




**(ब) खाली ठाँउ भर्नुहोस् ।**

(अ) मेरो वडाको उत्तरमा ______ दक्षिणमा ______

पूर्वमा ______ पश्चिममा ______ पर्छ ।

**(भ) मेरो बस्ती (टोल) को नाम ______ हो ।**

# लेखन अभ्यास ।

(अ) मेरो बस्तीको नाम ______ हो ।

(आ) मेरो वडाको उत्तरमा ______ पर्दछ ।

(इ) मेरो वडाको पूर्वमा ______ पर्दछ ।

(ई) मेरो वडाको दक्षिणमा ______ पर्दछ ।

(उ) सिसवा वडा नं. ______ मा पर्दछ ।

(ऊ) म वडा नं. ______ मा बस्छु ।

(ए) हाम्रो वडाअध्यक्षको नाम ______ हो ।

(ऐ) हाम्रो उप प्रमुखको नाम ______ हो ।

(ओ) टिकुलिया वडा नं. ______ मा पर्छ ।

(औ) विद्यापति नगर वडा नं. ______ मा पर्दछ ।

# गौर नगरपालिका

# विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय　　　　थिम(पाठ)को नामः- गौरको परिचय

विद्यालयको नामः-.................................... 　　　　कक्षाः-२

महिना- वैशाख　　　　सि.उ.सं-४　　　　सि.उ.अङ्क- ४×४ = १६

| क्र. स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | | १६ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | - | १५ | ९४ | A+ |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | - | १४ | ८८ | A |
| ३ | कृष्ण कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १५ | - | १५ | ९४ | A+ |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १५ | - | १५ | ९४ | A+ |
| ५ | श्याम कुमार | ३ | ३ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १४ | - | १४ | ८८ | A |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***　　　　---------------- प्र.अ.को सही

नामः-....................................

सहीः-....................................

**पाठ - २**

# धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल

सि.उ.सं.- ३

कार्य घण्टा- २२ घंटा

## (क) ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान



अ



आ



इ



ई



उ



ऊ

**चित्र हेरी छलफल गरौं र बुझौं तथा स्थानीय पर्यटकीय र ऐतिहासिक स्थल को पहिचान गरी नाम लेख्नुहोस् ।**

(अ) ____________________

(आ) ____________________

(इ) ____________________

(ई) ____________________

(उ) ____________________

(ऊ) ____________________

## (प) प्रश्नको उत्तर लेख्नुहोस् ।

(अ) वानेश्वरनाथ मंदिर कुन वडामा छ ?

(आ) वानेश्वर धाम मंदिरको प्रवेश द्वार कुन दिशामा छ ?

(इ) शिवालय पोखरीमा पर्यटकहरूको लागि पौडी खेल्न के को व्यवस्था गरिएको छ ?

(ई) शिवालय मंदिर कुन वडा मा पर्छ ?

(उ) घण्टाघर कुन सालमा तैयार भएको छ ?

(ऊ) पुरेनवा दरबारमा अहिले को वस्नु भएको छ ?

## (फ) वडा नं. लेख्नुहोस् ।

| | | |
|---|---|---|
| राम मंदिर | वानेश्वर मंदिर | शिवालय मंदिर |
| घण्टाघर | आँखा अस्पताल | लामो झोलुङ्गे पुल |

## (ब) आफ्नो वडाको मंदिर/मस्जिद को नाम लेख्नुहोस् ।

## (ख)स्थानीय मेलाको परिचय



अ

आ





इ

इ



**चित्र हेरौं छलफल गरौं र स्थानीय मेलाको नाम लेखौं ।**

(अ)

(आ)

(इ)

(ई)

शिक्षक :- राम, 'अ' मा कुन पर्वको चित्र हो ?

राम :- सर, 'अ' मा छठ पर्वको चित्र हो ।

शिक्षक :- सीता, 'आ' मा कुन मेलाको चित्र हो ?

सीता :- सर, 'आ' मा दशैं मेलाको चित्र हो ।

शिक्षक :- नाज, 'इ' मा कुन मेलाको चित्र हो ?

नाज :- सर, 'इ' मा ईद मुबारक मेलाको चित्र हो ।

## (प) महा शिवरात्रिमा लाग्ने मेला को

स्थान:- वडा नं.:-

**(फ) दशैं मेला लाग्ने स्थान र वडा नं. लेख्नुहोस् ।**

| | **स्थान** | **वडा नं.** |
|---|---|---|
| (अ) | | |
| (आ) | | |
| (इ) | | |
| (ई) | | |

**(ब) सोवर्नामाई मेला लाग्ने स्थान वडा नं.**

स्थानः- ______ वडा नं.:- ______

**(भ) जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| दशैं मेला | ( ) | कार्तिक षष्ठी (अ) |
| शिवरात्रि मेला | ( ) | वानेश्वर स्थान (आ) |
| सतुआन | ( ) | असोज नवमी/दशमी(इ) |
| छठ मेला | ( ) | वैशाख (ई) |
| ईद मेला | ( ) | गढवा-४ (उ) |
| सोवर्नामाई मेला | ( ) | राईसमिल (ऊ) |

## (ग) पुरेनवा दरबारको अवस्थिति







**शिक्षक :-** राज, चित्रमा देखाइएको दरवारको नाम के हो ?

**राज :-** मैम, यो चित्र पुरेनवा दरबारको हो ।

**शिक्षक :-** रानी, यो दरबार गौर नं. पा. को कुन टोल र वडामा पर्छ ?

**रानी :-** मैम, यो दरबार पुरेनवा टोल र वडा नं. ८ मा पर्छ ।

**शिक्षक :-** यो दरबार कुन कालमा बनेको छ ?

**राज :-** मैम, यो दरबार राणाकालमा बनेको छ ।

**शिक्षक :-** रानी, यो दरबारको अहिलेको अवस्था कस्तो छ ?

**रानी :-** मैम, यो दरबारमा अहिल सेनाहरु (नारायण गण गुल्म) बसिरहेको छ ।

## (प) खाली ठाँउमा उपयुक्त शब्द राख्नुहोस् ।

(अ)पुरेनवा दरवार गौर नगरपालिका को वडा नं. ______ मा पर्छ ।

(आ) यस टोलको नाम ______ हो ।

(इ) यस दरबारको स्थापना ______ कालमा भएको थियो ।

(ई) यस दरबारमा अहिले ______ बसिरहेको छ ।

## (फ) प्रश्नको उत्तर दिनुहोस् ।

(अ) पुरेनवा दरबारमा बस्ने सेनाको गुल्मको नाम के हो ?

______

(आ) पुरेनवा दरबारको हालको अवस्था कस्तो छ ?

______

(इ) पुरेनवा दरबार कुन दिशामा फर्केको छ ?

______

## (घ) झोलुङ्गे पुल र घण्टाघर







**चित्र हेरौ र छलफल गरौं।**

यो चित्र वानेश्वर स्थित बकैया नदीमा बनेको झोलुङ्गे पुलको हो । यसको लम्बाइ २५९मी. छ । यो मधेश प्रदेशमा लम्बाइको हिसाबले दोस्रो झोलुङ्गे पुल हो । यहाँ दिनहुँ मानिसहरु नेपाल र भारतबाट फोटो खिच्न खिचाउने आउँछन् । यसको निर्माण वि.सं.२०८०सालमा भएको थियो ।

**(प) प्रश्नको उत्तर लेख्नुहोस् ।**

(अ) यस झोलुङ्गे पुलको लम्बाई कति छ ?

(आ) यस झोलुङ्गे पुलको एउटा विशेषता के हो ?

(इ) यो झोलुङ्गे पुल नजिक कुन मंदिर छ ?

(ई) यो झोलुङ्गे पुल वडा नं. कतिमा पर्छ ?

**(फ) खाली ठाँउमा मिल्ने शब्द राख्नुहोस् ।**

(अ) झोलुङ्गे पुल वडा नं. ________ पर्छ ।

(आ) झोलुङ्गे पुलको लम्बाई ________ मी. छ ।

(इ) यो झोलुङ्गे पुल ________ मा बनेको छ ।






**शिक्षकः-**राजा, यस घण्टाघरको निर्माण कुन सालमा सम्पन्न भएको थियो ?

**राजाः-** मैम,घण्टाघरको निर्माण कार्य वि.सं. २०८१ सालमा सम्पन्न भएको थियो ।

**शिक्षकः-**रानी, घण्टाघर गौर न.पा. को कुन वडामा बनेको छ ?

**रानीः-**मैम,घण्टाघरको निर्माण गौर न.पा. को वडा नं. ५ मा बनेको छ ।

**शिक्षकः-**राजा,घण्टाघरमा कति वटा घडी लगाइएका छन् ?

**राजाः-**मैम,घण्टाघरमा ४ वटा घडी लगाइएका छन् ।

**शिक्षकः-**रानी, घण्टाघरमा जम्मा कति वटा खण्डहरु छन् ?

**रानीः-**मैम, घण्टाघरमा जम्मा ७ वटा खण्डहरु छन् ।

## सिकाइ उपलब्धि ।

**(प) खाली ठाँउ भर्नुहोस् ।**

(अ) झोलुङ्गे पुल ______ नदीमा बनेको छ ।

(आ) झोलुङ्गे पुल नजिक ______ मंदिर छ ।

(इ) घण्टाघर ______ वडामा बनेको छ ।

(ई) घण्टाघर ______ सडकमा बनेको छ ।

(उ) घण्टाघरमा ______ खण्डहरु छन् ।

(ऊ) घण्टाघरमा ______ घडीहरु छन् ।

(ए) घण्टाघरको ______ खण्डमा घडी लगाइएको छ ।

## (फ) ठीक उत्तर छान्नुहोस् ।

- घण्टाघर ______
  - (अ) ५ खण्ड
  - (आ) ६ खण्ड
  - (इ) ७ खण्ड

- लामो झोलुङ्गे पुल ______
  - (ई) बागमती नदी
  - (उ) बकैया नदी
  - (ऊ) झाँझ नदी

- घण्टाघर ______
  - (अ) ४ घडी
  - (आ) ३ घडी
  - (इ) २ घडी

- लामो झोलुङ्गे पुल ______
  - (ई) ५०० मीटर
  - (उ) ६५० मीटर
  - (ऊ) २५९ मीटर

## (ब) प्रश्नको उत्तर लेख्नुहोस् ।

(अ) सबैभन्दा लामो झोलुङ्गे पुल कुन वडामा छ ?

(आ) सबैभन्दा सानो झोलुङ्गे पुल कुन वडामा छ ?

(इ) घण्टाघरमा कति वटा घडी लगाईएको छ ?

## लेखन अभ्यास ।

(अ) शिवरात्रि मेला ______ महिनामा लाग्छ ।

(आ) मेरो वडामा ______ मंदिर छ ।

(इ) बानेश्वरनाथ मंदिर वडा ______ मा पर्छ ।

(ई) लामो झोलुङ्गे पुल ______ नदीमा बनेको छ ।

(उ) घंटाघरमा ______ वटा घडी जडान गरिएको छ ।

(ऊ) शिवालय मदिर वडा नं. ______ मा पर्छ ।

(ए) पुरेनवा दरबार ______ कालमा बनेको थियो ।

(ऐ) लामो झोलुङ्गे पुल नजिक ______ मंदिर छ ।

(ओ) घंटाघर वडामा ______ पर्छ ।

(औ) सोवर्नामाई मेला वडा नं. ______ मा लाग्छ ।

# गौर नगरपालिका

## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय    थिम(पाठ)को नामः- धार्मिक,ऐतिहासिक

विद्यालयको नामः-.............................. कक्षाः-२    तथा पर्यटकीय स्थल

सि.उ.सं-३    सि.उ.अङ्क- ४×३ = १२    महिनाः- जेष्ठ

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | १६ | २८ | | |
| १ | सीता कुमारी | २ | ४ | २ | ३ | ३ | ४ | - | - | - | - | ११ | १५ | २६ | ९३ | A+ |
| २ | राम कुमार | २ | ३ | ३ | ४ | २ | ३ | - | - | - | - | १० | १४ | २४ | ८६ | A |
| ३ | कृष्ण कुमार | ३ | ४ | २ | ३ | ३ | ४ | - | - | - | - | ११ | १५ | २६ | ९३ | A+ |
| ४ | राधा कुमारी | २ | ३ | ३ | ४ | २ | ३ | - | - | - | - | १० | १५ | २५ | ८९ | A |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | २ | ३ | ३ | ४ | - | - | - | - | ११ | १४ | २५ | ८९ | A |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***

---------------
प्र.अ.को सही

नामः-....................................

सहीः-.....................................


पाठ - ३

# भाषा र संस्कृति

सि.उ.सं.- ३

कार्य घण्टा- २२ घंटा

## (क) आफ्नो मातृभाषा र पहिरनको नाम भन्न




**चित्र हेरौं र छलफल गरौं**

राम :-तपाईको घरमा कुन भाषाको प्रयोग गरिन्छ ?

राधाः-राम, मेरो घरमा मैथिली भाषाको प्रयोग गरिन्छ। तपाईको घरमा नि?

राम :- राधा, मेरो घरमा हिन्दी भाषाको प्रयोग गरिन्छ।

नाज :- राज, तपाईको घरमा कुन भाषाको प्रयोग गरिन्छ ?

राज :- नाज, मेरो घरमा उर्दु भाषाको प्रयोग गरिन्छ।

राम :- राधा, तपाईको घरमा बा आमाले कस्तो कपड़ा लगाउनु हुन्छ ?

राधा :- राम, मेरो घरमा बा हरुले धोती कुर्ता र आमाहरुले साडी लगाउनु हुन्छ।

**(प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस्।**

(अ) तपाईको घरमा कुन भाषा प्रयोग गरिन्छ ?

(आ) तपाईको घरमा कस्तो कपड़ा लगाइन्छ ?

(इ) तपाईका छिमेकीहरूले कुन भाषा प्रयोग गर्नु हुन्छ ?

(ई) तपाईकी आमाले कस्तो कपड़ा लगाउनु हुन्छ ?

(उ) तपाईको विधालयमा शिक्षकहरुले कुन पोशाक लगाउनु हुन्छ ?

## (ख)साना लाई माया र ठूलालाई आदर गर्न





**चित्र हेरौं र छलफल गरौं**

**शिक्षक :-** तारा, तपाईले आफ्नो  घरमा साना भाइ बहिनीलाई कसरी माया गर्नुहुन्छ ?

**तारा :-** मैम, म आफ्नो  घरमा सानालाई गृहकार्य गर्न, स्कूल ड्रेस लगाउन, स्कूल बैग मिलाउन र खाने बेलामा सहयोग गरी माया गर्छु ।

**शिक्षक :-** तारा, तपाई आफ्नो घरका ठूला बा आमालाई कसरी आदर गर्नु हुन्छ ?

**तारा :-** मैम, म आफ्ना बा आमालाई ढोगेर विद्यालय जान्छु, उहाँले भनेको कुरा मान्छु ।

**शिक्षक :-** तारा, तपाई आफ्ना गुरुको आदर कसरी गर्नुहुन्छ ?

**तारा :-** मैम, म आफ्ना गुरु, गुरुआमालाई विद्यालय जाने बित्तिकै ढोग्ने गर्छु तथा उहाँले दिनुभएको गृहकार्य गर्छु ।

## (प) तल दिइएको खाली ठाँउ भर्नुहोस् ।


(अ) म भाइलाई ________________ गर्छु ।

(आ) म आफ्ना बुवा लाई ________________ गर्छु ।

(इ) म आमा लाई ________________ गर्छु ।

(ई) म आफ्ना गुरुलाई ________________ गर्छु ।

## (ग) आ-आफ्नो परिवारको कुलदेवता तथा ग्राम देवताको नाम








### चित्र हेरौं र छलफल गरौं

**राम :-** कृष्ण, तपाईको कुल देवताको नाम के हो ?

**कृष्ण :-** राम, मेरो कुल देवताको नाम काली माता हो । हजुरको नि ?

**राम :-** कृष्णा, मेरो कुल देवताको नाम वणी हो ।

**कृष्ण :-** राम, तपाईको ग्राम देवताको नाम के हो ?

**राम :-** मेरो ग्राम देवताको नाम ब्रह्म बाबा हो ।

## (प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) तपाईको कुल देवताको नाम के हो ?

(आ) तपाईको ग्राम देवताको नाम के हो ?

(इ) तपाईको छिमेकी साथीको कुल देवताको नाम के हो ?

(ई)  चित्र हेरी नाम भन्नुहोस् ।

## (घ) स्थानीय बाजाको परिचय



### चित्र हेरौं र छलफल गरौं


**शिक्षक :-** राम, तपाईलाई दुईवटा स्थानीय बाजाको नाम थाहा छ ?

**राम :-** सर, दुई स्थानीय बाजाको नाम ढोल र झ्याल हो ।

**शिक्षक :-** राम, तपाईको घर/टोलमा बजाएको बाजा हेर्नुभएको छ भने त्यसको नाम के हो ?

**राम :-** मेरो टोलमा हनुमान आराधना हुँदा हरमोनियम, ढोल र झ्याल प्रयोग गरेको हेरे ।

## (प) तलको चित्र हेरी लेख्नुहोस् ।







## सिकाइ उपलब्धि।

## (प) तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

(अ) तपाईंको मातृभाषा कुन हो ?

(आ) तपाईंको घरको पहिरन कुन हो ?


(इ) तपाईंको कुल देवताको नाम के हो ?

(ई) तपाईंको ग्राम देवताको नाम के हो ?

## (फ) जोडा मिलाउनुहोस् ।



तासा (क)



तबला (ख)

झ्याल (ग)



ढोल (घ)

## (ब) खाली ठाँउ भर्नुहोस् ।

(आ) मेरो कुल देवता को नाम ______ हो ।

(अ) मेरो पि हरनको नाम ______ हो ।

(इ) मेरो मातृभाषा ______ हो ।

## लेखन अभ्यास ।

**(अ) मेरो घरमा ______ भाषाको प्रयोग गरिन्छ ।**

**(आ) मेरो आमा ______ लगाउनु हुन्छ ।**

**(इ) विद्यालयमा ______ भाषा प्रयोग गरिन्छ ।**

**(ई) म विद्यालयमा ______ पोशाक लगाएर जान्छु ।**

(उ) म आफ्ना गुरुलाई ____________ गर्छु ।

(ऊ) मेरो कुलदेवताको नाम ____________ हो ।

(ए) स्थानीय बाजाको नाम ____________ हो ।

(ऐ) मेरो मातृभाषा ____________ हो ।

(ओ) म आफ्नी आमालाई ____________ सहयोग गर्छु ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषय :-स्थानीय विषय थिम(पाठ)को नामः- भाषा र संस्कृति

विद्यालयको नामः-............................ कक्षाः-२

सि.उ.सं-३ सि.उ.अङ्क- ४×३ = १२ महिनाः- अषाढ

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | २८ | ४० | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | - | - | १२ | २६ | ३८ | ९५ | A+ |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | २४ | ३५ | ८८ | A |
| ३ | कृष्ण कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | २६ | ३७ | ९३ | A+ |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | २५ | ३६ | ९० | A+ |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | २५ | ३६ | ९० | A+ |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको*** ---------------- प्र.अ.को सही

नामः-...................................

सहीः-.....................................

# पाठ - ४ उद्यमशीलता

सि.उ.सं.-३

कार्य घण्टा- २२ घंटा

## (क) स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसाय



### चित्र हेरौं र छलफल गरौं

**शिक्षक :-** श्याम, कुनै पेसाको नाम भन्नुहोस् ।

**श्याम :-** सर, मेरो घरमा मेरा बुवा शिक्षकको काम गर्नु हुन्छ ।

**शिक्षक :-** लाल, कुनै एक व्यवसायको नाम भन्नुहोस् ।

**लाल :-** सर, मेरी आमा सिलाई पेसा र बुवा कृषि पेशाको काम गर्नु हुन्छ ।

## (ख) चित्र हेरी नाम लेख्नुहोस्

अ) 

आ) 

इ) 

ई) 

(उ) 

## (ख)सामुदायमा गरिने तरकारी खेती,अन्नबाली,नगदेवाली,फलफुल,जडीबुटी

### चित्र हेरौं र छलफल गरौं

**शिक्षक :-**ललन,हाम्रो समुदायमा गरिने कुनै एक तरकारी खेतीको नाम भन्नुहोस् ।

**ललन :-** सर, हाम्रो समुदायमा आलुको खेती गरिन्छ ।

**शिक्षक :-** ललन, एउटा जडिबुटीको नाम भन्नुहोस् ।

**ललन :-** सर, एउटा जडिबुटीको नाम एलोबेरा(घृतकुमारी) हो ।

**शिक्षक :-** ललन, एउटा अन्नबालीको नाम भन्नुहोस् ।

**ललन :-** सर, एउटा अन्नबालीको नाम धान खेती हो ।

## (प) खाली ठाँउमा लेख्नुहोस् ।

(अ) एउटा फलको नाम ________ हो।

(आ) रोटी पकाउने अन्नबालीको नाम ________ हो।

(इ) एउटा जडिबुटीको नाम ________ हो।

(ई) एउटा धेरै प्रयोग हुने तरकारीको नाम ________ हो।

## (फ) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| धान ☐ | नगदेबाली(अ) |
| फूलकोभी ☐ | जडिबुटी(आ) |
| तुलसी ☐ | अन्नबाली(इ) |
| उखु ☐ | तरकारी(ई) |

## (ग) स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधि





**शिक्षक :-** कृष्ण, तपाईले आधुनिक प्रविधिको प्रयोग गरिएको एउटा उदाहरण दिनुहोस् ।

**कृष्ण :-** सर,हाम्रो स्थानीय तहका नालाहरुमा ढकन राख्ने र सफा गर्ने कार्य डोजरको मदतले गर्नु हो ।

**शिक्षक :-** राधा, तपाई एउटा आधुनिक प्रविधिको नाम भन्नुहोस् ।

**राधा :-** सर, उपजाउ खेतको माटो परीक्षण गर्ने प्रविधि र पशुहरुलाई जाँच गर्ने आधुनिक प्रविधि हो ।

## (प) खाली ठाँउ भर्नुहोस् ।

(अ)गौर नगरपालिकामा खेतीको माटो परीक्षण गर्ने कार्य ______ हो ।

(आ) ठूल ठूला पोलहरु लाई खडा गर्ने कार्य ______ हो ।

## (घ) स्थानीय स्तरमा रहेका उधोग तथा कल-कारखाना



तेल बनाउने मेशिन



आँटा पिस्ने मेशिन



धान कटने मेशिन



चिउरा बनाउने



काठ चिर्ने मेशिन



ईटा बनाउने चिमनी

**चित्र हेरौं र छलफल गरौं ।**

**श्याम :-** मोहन,मेरो टोलमा तेल बनाउने उधोग छ ।तपाईको टोलमा नि ?

**मोहन :-** श्याम, मेरो वडामा लकडीलाई चिर्ने चिरान उधोग छ ।

**सबाना :-** शबनम,मेरो बस्तीमा आँटा पिस्ने उधोग छ ।तपाईको टोलमा नि?

**शबनम :-** सबाना, मेरो टोलमा धानबाट चिउरा बनाउने चिउरा उधोग छ ।

**(प) प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

(अ) धानबाट चामल बनाउने उधोगलाई के भनिन्छ ?

(आ) धानबाट चिउरा बनाउने उधोगलाई के भनिन्छ ?

(इ) गेहु, चामल र मकै बाट आटा बनाउने उधोगलाई के भनिन्छ ?

(ई) तोरी/सरसोंबाट तेल बनाउने उधोगलाई के भनिन्छ ?

(उ) माटाबाट ईट बनाउने उधोगलाई के भनिन्छ ?

(ऊ) लकडी चिर्ने उधोगलाई के भनिन्छ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| लेथ उधोग | | लकडी चिर्ने (अ) |
| ग्रील उधोग | | माटोबाट (आ) |
| चिरान उधोग | | फलामलाई आवश्यक साईज (इ) |
| ईट उधोग | | फलामको पति/स्टीलको पाइप(ई) |

## (ब) खाली ठाँउमा भर्नुहोस् ।

(अ) चिउरा बनाइने अन्नको नाम __________ हो ।

(आ) ईट __________ बाट बनाइन्छ ।

(इ) खाने तेल __________ बाट बनाइन्छ ।

(ई) ग्रिल __________ बाट बनाइन्छ

### सिकाइ उपलब्धि ।

## (प) प्रश्नहरुको उत्तर लेख्नुहोस् :

(अ) कृषिको काम गर्ने लाई के भनिन्छ ?

(आ) पसल चलाउने व्यक्तिलाई के भनिन्छ ?

(इ) पढाउने काम गर्नेलाई के भनिन्छ ?

(ई) सिलाईको काम गर्नेलाई के भनिन्छ ?

## (फ) खाली ठाँउ भर्नुहोस् ।

(अ) एउटा अन्नको नाम ________ हो ।

(आ) एउटा जडिबुटीको नाम ________ हो ।

(इ) एउटा नगदेबालीको नाम ________ हो ।

(ई) एउटा आधुनिक प्रविधिको नाम ________ हो ।

## (ब) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| लकडी | | तेल उद्योग (अ) |
| माटो | | रस बनाउने मेशिन (आ) |
| फलाम | | आँटा उद्योग (इ) |
| पति | | चिडान उद्योग (ई) |
| धान | | लेथ उद्योग (उ) |
| गहुँ | | ग्रील उद्योग (ऊ) |
| तोरी | | ईट उद्योग (ए) |
| उखु | | चामल उद्योग (ऐ) |

## लेखन अभ्यास ।

**(अ) मेरा बुवा ________ पेसा गर्नु हुन्छ ।**

(आ) मेरो खेतमा ______ तरकारी खेती गरिन्छ ।

(इ) एउटा जडिबुटीको नाम ______ हो ।

(ई) एउटा नगदेबाली ______ हो ।

(उ) एउटा फूलको नाम ______ हो ।

(ऊ) मेरो टोलमा ______ साना उधोग छ ।

(ए) चिउरा बनाइने अन्नको नाम ______ हो ।

(ऐ) ईट ______ बाट बनाइन्छ ।

(ओ) ग्रील ______ बनाइन्छ ।

(औ) एउटा अन्नको नाम ______ हो ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषय :-स्थानीय विषय  थिम(पाठ)को नामः- उद्यमशीलता

विद्यालयको नामः-............................  कक्षा:-२

सि.उ.सं-३  सि.उ.अङ्क- ४×३ = १२  महिनाः- भाद्र र असोज

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ४० | ५२ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | - | - | १२ | ३८ | ५० | ९६ | A+ |
| २ | राम कुमार | ४ | ३ | ३ | ४ | ४ | ४ | - | - | - | - | ११ | ३५ | ४६ | ८८ | A |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ३७ | ४८ | ९२ | A+ |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ३६ | ४७ | ९० | A+ |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ३६ | ४७ | ९० | A+ |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***  ----------------
प्र.अ.को सही

नामः-...................................

सहीः-....................................

पाठ-५

सि.उ.सं.-३

# नैतिक शिक्षा र आचरण

कार्य घण्टा- २२ घंटा

## (क) साथी समूह सँग समान व्यवहार र सहयोग







**शिक्षक :-** आशा, तपाई आफ्ना साथीहरु सँग कस्तो व्यवहार गर्नुहुन्छ ?

**आशा :-** मैम, म आफ्ना सबै साथीहरु सँग समान व्यवहार गर्छु ।

**शिक्षक :-** आशा, तपाई आफ्ना साथीहरुलाई कसरी सहयोग गर्नुहुन्छ ?

**आशा :-** मैम, म आफ्ना साथीहरुलाई पढाइमा, खेलकूदमा सहयोग गर्छु र सहयोग लिन्छु ।

**शिक्षक :-** आशा, तपाईको कुनै साथी अनुपस्थित भए त्यो दिनको पढाइमा कसरी सहयोग गर्नु हुन्छ ?

**आशा :-** मैम, पढाइ छुटेको साथीलाई बुझाउने गर्छु र गृहकार्यमा सहयोग गर्छु ।

## (प) प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाई आफ्नो साथी सँग कस्तो व्यवहार गर्नु हुन्छ ?

(आ) तपाईलाई मन पर्ने कुनै ३(तीन) साथीहरुको नाम लेख्नुहोस् ।

(इ) तपाई आफ्नो साथी सँग विद्यालय जाँदा कसरी जानु हुन्छ ?

(ई) तपाई आफ्नो साथी संग कक्षाकोठामा बस्दा कसरी बस्नु हुन्छ ?

## (फ) खाली ठाँउ भर्नुहोस् ।

(अ) मेरो साथीको नाम ________ हो ।

(आ) म आफ्नो साथी संग कक्षाकोठामा ________ बस्छु ।

(इ) हामी विद्यालय आउँदा र जाँदा ________ जान्छौं ।

(ई) हामी विद्यालयमा खेलकूद गर्दा ________ गर्छौं ।

## (ख) ठूलालाई सम्मान र सानालाई माया र सहयोग





**शिक्षक :-** नाज, तपाईले गुरु, आमा, बुवालाई कसरी सम्मान गर्नु हुन्छ ?

**नाज :-** मैम, म आफ्नो गुरु, आमा, बुवालाई आदर गरेर, सम्मान गर्छु ।

**शिक्षक :-** नाज, तपाई आफूभन्दा सानालाई कसरी माया गर्नुहुन्छ ?

**नाज :-** मैम, म आफूभन्दा सानालाई गृहकार्यमा, पोशाक लगाउनमा सहयोग तथा मिठा कुरा गरेर माया गर्छु ।

**शिक्षक :-** नाज, तपाई आफूभन्दा ठूलालाई कसरी सम्मान गर्नुहुन्छ ?

**नाज :-** मैम, म आफूभन्दा ठूला शिक्षक, आमा, बुवा, काका, काकी, बाजे, बज्जै सबैलाई आदाव गर्छु र भनेको कुरा गर्छु ।

## (प) प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) तपाई आफ्ना साना भाइ-बहिनीलाई कसरी माया र सहयोग गर्नु हुन्छ ?

(आ) तपाईं आफूभन्दा ठूलालाई कसरी सम्मान र आदर गर्नुहुन्छ ?

(इ) विधालयमा दिवा खाजा खान जाँदा तपाई आफूभन्दा साना साथी लाई कसरी सहयोग गर्नुहुन्छ ?

(ई) विद्यालयमा पानी खान जाँदा आफूभन्दा साना लाई कसरी सहयोग गर्नुहुन्छ ?

## (ग) सहयोग र मेलमिलाप कार्यमा सहभागी





**शिक्षक :-** आशा, तपाई दिवाखाजा खाने बेलामा आफूभन्दा सानो कक्षाको विधार्थीलाई कसरी सहयोग गर्नुहुन्छ ?

**आशा :-** मैम, दिवा खाजा खान जाँदा पहिला सानालाई पालो दिन्छु र तातो भए चिस्याउने काममा सहयोग गर्छु ।

**शिक्षक :-**आशा, तपाई प्रार्थनाको बेलामा साना-साना भाइ बहिनीलाई कसरी सहयोग गर्नुहुन्छ ?

**आशा :-** मैम, प्रार्थना को बेलामा साना भाइ बहिनीहरूलाई लाइन मिलाउन सहयोग गर्छु ।

**(प) प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

(अ) तपाई आफ्नो घरमा आमा लाई कसरी सहयोग गर्नुहुन्छ ?

(आ) तपाईले आफ्नी बहिनीलाई घरमा कसरी सहयोग गर्नुहुन्छ ?

(इ) तपाई आफ्नो भाइलाई घरमा कसरी सहयोग गर्नु हुन्छ ?

(ई) तपाई आफ्नो कक्षा कोठामा साथीसंग कसरी बस्नु हुन्छ ?

## (घ) अनुशासन र गुरुको आज्ञापालन





**शिक्षक :-** नाज, तपाई आफ्नो घर र विद्यालयमा अनुशासनमा बस्नुहुन्छ ?

**नाज :-** मैम,म घरमा आमा, बुबा, बाजे, बज्यै र विधालयमा गुरुहरुले भन्ने भन्नु भएको मान्छु ।

**शिक्षक :-** नाज,तपाई आफ्नो विद्यालयमा गुरुहरुको आज्ञापालन गर्नुहुन्छ ?

**नाज :-** मैम,म आफ्नो विद्यालयमा सबै गुरुहरुको आज्ञापालन गर्छु ।

## सिकाइ उपलब्धि ।

### (प) प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाई आफ्नो भाई सँग कस्तो व्यवहार गर्नु हुन्छ ?

(आ) तपाई लाई मन पर्ने कुनै ४ साथीको नाम लेख्नुहोस् ।

(इ) तपाई आफूभन्दा ठूला लाई कसरी आदर र सम्मान गर्नुहुन्छ ?

(ई) तपाई गुरुलाई कसरी आदर र सम्मान गर्नुहुन्छ ?

### (फ) खाली ठाँउ भर्नुहोस् ।

(अ)मलाई मन पर्ने साथीहरुको नाम ________ हुन् ।

(आ) साना लाई ________ गर्छु ।

(इ) ठूला लाई ________ गर्छु ।

(ई) गुरु लाई ________ गर्छु ।

## लेखन अभ्यास ।

(अ) म आफ्नो साथी सँग ________ बस्छु ।

(आ) मेरो साथीको नाम ________ हो ।

(इ) हामी विद्यालय जाँदा ________ जान्छौं ।

(ई) म आफ्ना बुवा,आमाको ________ गर्छु ।

(उ) म मेरी बहिनीलाई ________ गर्छु ।

(ऊ) मेरो बाजे मलाई ______ गर्नु हुन्छ ।

(ए) मेरो वर्ग शिक्षक ______ गर्नुहुन्छ ।

(ऐ) म घरमा ______ गर्छु ।

(ओ) मेरो घर विद्यालयबाट ______ मिटर छ ।

(औ) म सधै गुरुको ______ गर्छु ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषय :-स्थानीय विषय थिम(पाठ)को नाम:-नैतिक शिक्षा र आचरण

विद्यालयको नाम:-.......................... कक्षा:-२

सि.उ.सं-३ सि.उ.अङ्क- ४×३ = १२ महिना:- कार्तिक र मंसिर

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ५२ | ६४ | | |
| १ | सीता कुमारी | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ५० | ६१ | ९५ | A+ |
| २ | राम कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | १२ | ४६ | ५८ | ९१ | A+ |
| ३ | कृष्ण कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ४८ | ५९ | ९२ | A+ |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | १२ | ४७ | ५९ | ९२ | A+ |
| ५ | लक्ष्मण कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ४७ | ५८ | ९१ | A+ |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***

----------------
प्र.अ.को सही

नाम:-....................................

सही:-.....................................

# पाठ-६ वातावरण र सरसफाइ

सि.उ.सं.-४

कार्य घण्टा- २७ घंटा

## (क) व्यक्तिगत सरसफाइ, आफ्नो कोठा र घरको सफाइ






**चित्र हेरौं र छलफल गरौं**

**शिक्षकः-** राधा, तपाई आफ्नो व्यक्तिगत सफाइ गर्दा कुनै ३ (तीन) सफाईको नाम भन्नुहोस् ।

**राधा :-**मैम, म आफ्नो व्यक्तिगत सफाइ गर्दा हात साबुन पानीले सफा गर्छु, दाँत सफा गर्छु र नङ्ग काट्ने काम गर्दछु ।

**शिक्षक :-**राधा,तपाई आफ्नो कोठाको सफाइ गर्दा के के गर्नुहुन्छ?

**राधा :-** मैम,म आफ्नो कोठाको बेड मिलाउने, किताब मिलाउने र कोठा सफा गर्ने काम गर्दछु ।

**शिक्षक :-**राधा,तपाई घरको सफाई गर्दा आमालाई कसरी सघाउनु हुन्छ ?**राधा :-** मैम, म घरको सफाइ गर्दा आमालाई विभिन्न काम जस्तै भान्सा कोठा, सुत्ने कोठा, करेसाबारीमा सहयोग गर्छु ।

## (प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् :


(अ) तपाईले आफ्नो व्यक्तिगत सफाइ गर्दा के के गर्नु हुन्छ ?

(आ) तपाई आफ्नो दाँत किन सफा गर्नु हुन्छ ?

(इ) तपाई आफ्नो ओछ्यान, किताव सधैं किन मिलाउनु हुन्छ ?

(ई) तपाई आफ्नो घरको सफाइ कसरी गर्नुहुन्छ ?

## (ख) कम्मर, टाउको, शारिरीक कसरत



**चित्र हेरौं र छलफल गरौं**

**शिक्षक :-** नाज, तपाई कसरत गर्नुहुन्छु ?

**नाज :-** मैम, म विधालयमा कम्मर र टाउकाको कसरत साथीहरु सँग सँगै गर्छु ।

**शिक्षक :-** नाज, तपाई कसरत बाट हुने एउटा फाइदा भन्नुहोस् ।

**नाज :-**मैम,कसरत गर्दा शरीर फुर्तिलो र रोगबाट बच्न सक्ने फाइदाहरु हुन्छन् ।

## (प) तलको प्रश्नहरुको उत्तर लेख्नुस् :


(अ) तपाईले गर्ने एउटा कसरतको नाम भन्नुहोस् ।

(आ) कसरत गर्दा हुने एउटा फाइदा भन्नुहोस् ।

(इ) कसरत गर्दा शारीरिक विकास हुन्छ कि हुँदैन भन्नुहोस् ।

(ई) तपाईले कुनै एउटा कसरत गरी देखाउनुहोस् ।

## (ग) बगैंचाको परिचय



चित्र हेरौं र छलफल गरौं

**शिक्षक :-** आशा, तपाई बगैंचा को परिचय दिनुहोस् ।

**आशा :-** मैम,विभिन्न जातिका फूल तथा विरुवा ठाँउलगाइएको लाई बगैंचा भनिन्छ ।


**शिक्षक :-** आशा, तपाई बगैंचामा के काम गर्नु हुन्छ ?

**आशा :-** मैम, म आफ्नो बगैंचामा पानी पटाउने तथा झरेका पातहरू टिपेर जम्मा गर्ने काम गर्छु ।

## (प) चित्र हेरी नाम लेख्नुहोस् ।









## (घ) बोटबिरुवाको संरक्षणमा सहयोग



चित्र हेरौं र छलफल गरौं

**शिक्षक :-** राम, तपाईले बोट बिरुवा लाई कसरी संरक्षण गर्नुहुन्छ ?

**राम :-** मैम, म बोट बिरुवा लाई घेरा गरेर, पानी पटाएर, गाईगोरु खान बाट बचाएर संरक्षण गर्छु ।

**शिक्षक :-**राम,तपाई एक्लै संरक्षण गर्नु हुन्छ कि सबै साथी मिलेर गर्नुहुन्छ ?

**राम :-** मैम, म एक्लै गर्दिनँ हामी साथी मिलेर संरक्षण गर्छु ।

**शिक्षक :-** राम, बोट विरुवाको एउटा फाइदा बताउनुहोस् ।

**राम :-** मैम,बोट विरुवाले हामीलाई चाहिने महत्वपूर्ण अक्सिजन गैस दिन्छ ।

## (प) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| बोटविरुवा | ☐ | अन्न (अ) |
| मानिस | ☐ | फल (आ) |
| बोट | ☐ | कार्बनडाइ अक्साइड (इ) |
| विरुवा | ☐ | अक्सिजन (ई) |

## (ङ) फोहोर मैलाको परिचय र प्रकार

(अ)

पाकेको खाना,
पाकेको फल,
तरल पदार्थ




(आ)




नपाकेको खाना,
सुख्खा सामग्री,
कागज

**चित्र हेरौं र छलफल गरौं ।**

शिक्षक :- राधा, "अ" कन्टेनरमा कस्तो फोहोर फालिन्छ ?

राधा :- मैम, "अ" कन्टेनरमा कुहिने फोहोर फालिन्छ ।

शिक्षक :- राधा, "आ" कन्टेनरमा कस्तो फोहोर फालिन्छ ?

राधा :- मैम, "आ" कन्टेनरमा नकुहिने फोहोर फालिन्छ ।

**(प) जोडा मिलाउनु होस् ।**

- रातो रंगको कन्टेनर [ ] (क) सुक्खा सामग्री
  (ख) नकुहिने सामग्री
- हरियो रंगको कन्टेनर [ ] (ग) कुहिने सामग्री
  (घ) तरल मिश्रित

## सिकाइ उपलब्धि ।

**(प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

(अ) रातो रंगको कन्टेनरमा कस्तो फोहोर फालिन्छ

(आ) हरियो रंगको कन्टेनरमा कस्तो फोहोर फालिन्छ ?

(इ) रुखविरुवाको संरक्षण कसले गर्छ ?

(ई) रुख विरुवाले हामीलाई के दिन्छ ?

**(फ) जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| रातो कन्टेनर | | अक्सिजन (क) |
| मानिस | | नकुहिएको सामग्री (ख) |
| हरियो कन्टेनर | | कुहिएको सामग्री (ग) |
| बोट विरुवा | | कार्बनडाइ अक्साइड(घ) |

## (ब) चित्र हेरी लेख्नुहोस् ।










## लेखन अभ्यास ।

(अ) म सधैं ब्रसले ______ गर्छु ।

(आ) म आफ्नो हात ______ ले सफा गर्छु ।

(इ) म आफ्नो कपडा ______ सफा गर्छु ।

(ई) म आफ्नो नङ ______ काटछु ।

(उ) घरको सफाइमा आमालाई ______ गर्छु ।

(ऊ) म फोहोर ______ मा फाल्छु ।

(ए) कसरतबाट शारीरिक ______ हुन्छ ।

(ऐ) पाकेको खाना फाल्न ______ कन्टेनरको प्रयोग गरिन्छ ।

(ओ) रातो कन्टेनरमा ______ फालिन्छ ।

(औ) बोट विरुवाले ______ ग्याँस दिन्छ ।

# गौर नगरपालिका
# विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषय :-स्थानीय विषय                    थिम(पाठ)को नाम:-वातावरण र सरसफाइ

विद्यालयको नाम:-........................                    कक्षा:-२

सि.उ.सं-४          सि.उ.अङ्क- ४×४ = १६     महिना:- पौष र माघ

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ६४ | ८० | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १५ | ६१ | ७६ | ९५ | A+ |
| २ | राम कुमार | ३ | ४ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १६ | ५८ | ७४ | ९३ | A+ |
| ३ | कृष्ण कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | १५ | ५९ | ७४ | ९३ | A+ |
| ४ | राधा कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ५९ | ७४ | ९३ | A+ |
| ५ | लक्ष्मण कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | ५८ | ७२ | ९० | A+ |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***                                        ----------------
                                                            प्र.अ.को सही

नाम:-...................................

सही:-.....................................

# पाठ -७ संस्था,व्यक्ति र शहिदको परिचय

सि.उ.सं.-३

कार्य घण्टा- १८ घंटा

## (क) वडामा भएका संस्थाहरुको नाम













### चित्र हेरौं र छलफल गरौं।

**शिक्षक :-** राम, तपाई को वडामा रहेका संस्थाहरु को नाम भन्नु होस् ।

**राम :-**मैम,मेरो वडामा श्री रत्न कन्या आधारभूत विद्यालय,गौर नगपालिका वडा कार्यालय,सिर्सिया-९ र स्वास्थ्य कार्यालय,सिर्सिया-९ रहेको छ ।

**शिक्षक :-** राम,तपाईको वडामा रहेको विद्यालयमा कति कक्षा सम्म पढाइ हुन्छ ?

**राम :-** मैम,वडामा रहेको विद्यालयमा कक्षा बाल विकास देखि कक्षा ८ सम्म पढाइ हुन्छ ।

**शिक्षक :-** राम, तपाई आफ्नो वडामा रहेको विद्यालयमा पढ्नु हुन्छ ?

**राम :-** मैम,म आफ्नो वडामा रहेको विद्यालयमा पढछु ।

**शिक्षक :-**राम, तपाई आफ्नो वडा कार्यालयमा जानु भएको छ ?

**राम :-** मैम,म आफ्नो वडा कार्यालयमा अनलाइन जन्मदर्ता बनाउ आमाको साथमा गएको थिएँ ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।


(अ) तपाई आफ्नो वडाको स्वास्थ्य चौकीमा जानु भएको छ ?

(आ) तपाईको वडाको विद्यालय को नाम के हो ?

(इ) तपाईको वडामा रहेका वडा कार्यालयको पूरा नाम के हो ?

(ई) तपाईको वडामा धर्मशाला छ ?

## (फ) जोडा मिलाउनुहोस् ।



वडा कार्यालय(क)



विद्यालय(ग)



स्वास्थ्य संस्था(ख)

## (ब) खाली ठाँउ भर्नुहोस् ।

(अ) जन्मदर्ता बनाउन ______ जानुपर्छ ।

(आ) विरामी लाई उपचार गराउन ______ जानुपर्छ ।

(इ) नि:शुल्क पढ्न ______ जानुपर्छ ।

(ई) विवाह दर्ता गराउन ______ जानुपर्छ ।

(उ) नि:शुल्क दिवा खाजा ______ मा दिन्छ ।

## (ख) विद्यालय को प्रधानाध्यापक र शिक्षक



**चित्र हेरौं र छलफल गरौं ।**

**शिक्षक :-** श्याम, तपाईको विधालयको प्रधानाध्यापकको नाम भन्नुहोस् ।

**श्याम :-** सर,मेरो विधालयको प्रधानाध्यापकको नाम श्री कौशल किशोर हो ।

**शिक्षक :-** श्याम, तपाईको विधालयका शिक्षकहरुको नाम भन्नुहोस् ।

**श्याम :-** हाम्रो विद्यालयका शिक्षकहरुको नाम श्री राम कुमार,श्री श्याम कुमार,अब्दुल हक अंसारी,सर्वेश पाठक,श्री मिना कुमारी,श्री ललिता कुमारी हो ।

## (प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) तपाईको प्रधानाध्यापकको नाम के हो ?

(आ) तपाईको विधालयका शिक्षकहरुको नाम भन्नुहोस् ।

(इ) तपाईको वर्ग शिक्षकको नाम भन्नुहोस् ।

(ई) तपाईको गणित पढाउने शिक्षकको नाम भन्नुहोस् ।

(उ) तपाईको नेपाली पढाउने शिक्षकको नाम भन्नुहोस् ।

(ऊ) तपाईको अंग्रेजी पढाउने शिक्षकको नाम भन्नुहोस् ।

## (ग) स्थानीय विशिष्ट व्यक्तित्वहरुको योगदान




तुङ्गशमशेर राणा




सेठ बलदेव दास

### चित्र हेरौं र छलफल गरौं

**शिक्षक :-** राम, चित्र हेरी विशिष्ट व्यक्तिहरुको नाम भन्नुहोस् ।

**राम :-** मैम, चित्रमा देखाइएका विशिष्ट व्यक्तिहरु मेजर श्री तुङ्गशमशेर जंगबहादुर राणा र सेठ श्री बलदेव दास हुनुहुन्छ ।

**शिक्षक :-** राम, चित्रमा देखाइएको विशिष्ट व्यक्तिहरुको योगदान बारे भन्नुहोस् ।

**राम :-** मैम, श्री तुङ्गशमशेर जंग बहादुर राणाले वि.सं. १९९६ सालमा नेपालको चौथो पुरानो विधालयको रूपमा हाम्रो नगरपालिकामा श्री जुद्ध इंगलिश स्कुलको स्थापना गर्नु भएको थियो । सेठ श्री बलदेव दासले स्कुल स्थापनामा धेरै सहयोग गर्नु भएको थियो ।

**(प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस :**

(अ) श्री जुद्ध इंगलिश स्कुलको स्थापना कसले गर्नु भएको थियो ?

(आ) तपाईको वडाध्यक्षको नाम के हो ?

(इ) तपाईको प्रधानाध्यापक को नाम के हो ?

(ई) तपाईको महिला वडा सदस्य को नाम के हो ?

## सिकाइ उपलब्धि ।

**(प) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

(अ)तपाईको वडामा रहेको विद्यालय को नाम के हो ?

(आ)तपाईको वडामा रहेको विद्यालयको प्रधानाध्यापकको नाम के हो ?

(इ) तपाईको वडामा रहेको वडा कार्यालय को पूरा नाम भन्नुहोस् ।

(ई) तपाईंको वडामा रहेको स्वास्थ्य संस्था को पूरा नाम भन्नुहोस् ।

(उ) तपाईंको वडामा रहेको धर्मशालाको नाम भन्नुहोस् ।

**(फ) खाली ठाँउ भर्नुहोस् ।**

(अ) श्री जुद्ध इंगलिश स्कूलको स्थापना ______ ले गर्नु भएको थियो ।

(आ) बिरामीको उपचार तपाईंको वडाको ______ गरिन्छ ।

(इ) अनलाइन जन्मादर्ता वडाको ______ गरिन्छ ।

(ई) निःशुल्क शिक्षा र खाजा वडाको ______ मा दिन्छ ।

## लेखन अभ्यास ।

**(अ) मेरो वडाको महिला सदस्यको नाम ______ हो ।**

**(आ) मेरो वडाध्यक्षको नाम ______ हो ।**

**(इ) मेरो वर्ग शिक्षकको नाम ______ हो ।**

(ई) निःशुल्क दिवाखाजा कक्षा ______ सम्म दिइन्छ ।

(उ) मेरो वडामा रहेको विद्यालय ______ हो ।

(ऊ) मेरो वर्ग शिक्षकको नाम ______ हो ।

(ए) प्रधानाध्यापकको नाम ______ हो ।

(ऐ) स्थानीय विषय पढाउने शिक्षक ______ हुनुहुन्छ ।

(ओ) म आफ्नो वडा कार्यालयमा ______ छु ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषय :-स्थानीय विषय

थिम(पाठ)को नाम:- **संस्था र व्यक्तिको परिचय**

विद्यालयको नाम:-.........................

कक्षा:-२

सि.उ.सं-३ सि.उ.अङ्क- ४×३ = १२ महिना:- माघ र फागुन

| क्र स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ८० | ९२ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | - | - | १२ | ७६ | ८८ | ९६ | A+ |
| २ | राम कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | १२ | ७४ | ८६ | ९३ | A+ |
| ३ | कृष्ण कुमार | ३ | ३ | ४ | ४ | ४ | ४ | - | - | - | - | ११ | ७४ | ८५ | ९२ | A+ |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ७४ | ८५ | ९२ | A+ |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ७२ | ८३ | ९० | A+ |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको***

नाम:-...................................

सही:-.....................................

----------------

प्र.अ.को सही

# सन्दर्भ सामग्री


- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६) पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम(२०७६) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- लेटरग्रेडिङ्ग पद्धतिको कार्यान्वयनका सहयोगी पुस्तिका(२०७९)पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- विद्यार्थी सिकाइका लागि निरन्तर/आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- पाठ्यक्रम विकास केन्द्र २०६० स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६० सानोठिमी भक्तपुर ।
- स्थानीय पाठ्यक्रम २०८१ गौर नगरपालिका,रौतहट ।




# मधेश प्रदेश

# स्थानीय सरकार

## गौर नगरपालिका